# युवा विज्ञ लामिछानेलाई राष्ट्रिय युवा प्रतिभा सम्मान पुरस्कार

**हिमालय टाइम्स**
काठमाडौं, २७ असार

युवा विज्ञ सविन लामिछाने राष्ट्रिय युवा प्रतिभा सम्मान पुरस्कारबाट सम्मानित हुनुभएको छ । युवा सशक्तीकरण तथा नेतृत्व विकासका मार्फतबाट समग्र नेपालको युवा समुदायको विकास तथा प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयले नगदसहित लामिछानेलाई राष्ट्रिय युवा प्रतिभा सम्मान पुरस्कारबाट सम्मान गरेको हो । बिहीबार मन्त्रालयमा आयोजित कार्यक्रममा मन्त्रालयका सचिव सुमनराज अर्यालले लामिछानेसहित अन्य विभिन्न विद्याका आठ जना युवालाई नगद एक लाखसहित पुरस्कार



वितरण गर्नुभयो ।

विगत एक दशकदेखि युवाका समग्र विकास र युवासँग सम्बन्धित विषयमा क्रियाशील चाँगुनारायण नगरपालिका-७, भक्तपुर निवासी लामिछानेले विशेषगरी युवा सशक्तीकरण, युवा सहभागिता, युवा उद्यमशीलता, नेतृत्व विकास, क्षमता अभिवृद्धि तथा शान्ति निर्माणको क्षेत्रमा कार्य गर्दै आउनुभएको छ ।

उहाँले युवा संस्था, स्थानीय सरकार, शैक्षिक संस्था, राष्ट्रिय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्था तथा संयुक्त राष्ट्रसंघमा आबद्ध रहेर राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नेपाली युवाहरूको विकासको क्षेत्रमा काम गर्दै आउनुभएको छ । लामिछाने हाल संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनमा राष्ट्रिय युवा विज्ञको रूपमा आबद्ध हुनुहुन्छ । लामिछाने सन् २०२१ मा स्विस सरकार, जेनेवा सुरक्षा नीति केन्द्र तथा संयुक्त राष्ट्रसंघ तालिम तथा अनुसन्धान संस्थानको 'वरिष्ठ शान्ति निर्माण तालिम'मा विश्वभरबाट चुनिएका २२ विज्ञहरूमध्येमा एकमात्र युवा नागरिक समाज प्रतिनिधिका रूपमा लामिछाने चुनिनुभएको थियो । युवाका विकासमा योगदान पुऱ्याएबापत लामिछाने स्विडेन सरकारद्वारा प्रदान गरिने एसआई एडभोकेसी ल्याब २०२२ का लागि विश्वभरिका ३५ प्रभावशाली युवा अभियान्ताका रूपमा सम्मानित हुनुभएको थियो ।

# 'एक्लो' मा दिनेश डिसी र सुरज सिंह ठकुरी अनुबन्धित

**हिमालय टाइम्स**
काठमाडौं, २७ असार

चलचित्र 'एक्लो' मा सञ्चारकर्मी तथा अभिनेताद्वय दिनेश डिसी र सुरज सिंह ठकुरी अनुबन्ध हुनुभएको छ । निर्माण टिम र द्वय अभिनेताबीच औपचारिक कागजी सम्झौता भएको हो । प्रदीप शाहीले निर्देशन गर्न लागेको यो चलचित्र भदौ महिनाको दोस्रो साताबाट छायांकनमा जाने तयारीमा रहेको निर्माण पक्षले जनाएको छ ।

चलचित्रमा अभिनेता प्रदीप खड्का, विजय लामा, सुनिल थापा, एवनराज उप्रेती, अभिनेत्री बेनिशा हमाल, कविता नेपाली, दीया पुन, बेलायती अभिनेता जेमी बेकनलगायत अनुबन्धित



भइसक्नुभएको छ । साइ प्रोडक्सन नेपालको ब्यानरमा निर्माण हुने चलचित्रमा ह्याम्साएर एकाउन्टेनको सहकार्य रहने जनाइएको छ । हाल सेट निर्माणको काम र प्री प्रोडक्सनको भइरहेको कार्यकारी निर्माता क्षितिज सुवेदी खत्रीले जानकारी गराउनुभयो ।


**Province Government**
**Ministry of Water Supply, Irrigation and Energy**
**Koshi Province**

## Water Resources and Irrigation Development Division

**Sankhuwasabha**

**Invitation for E- Bids**

***Date of Publication: 28 Ashar, 2081 (12 July, 2024)***

Water Resources and Irrigation Development Division, Sankhuwasabha invites electronic bid from eligible bidders for the following contract works under National Competitive Bidding Procedures.

| S N | Contract No. | Description of works | Location | Bid Security Amount (NRs.) | Bid validity period | Fee for bid document (NRs.) | Average Annual Construction Turnover (NRs.) | Work Experience of Similar size and nature (NRs.) | Last date of bid Submission | Bid Opening date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | IMEP/ Sankhuwasabha/ B-1a/CW-20 | Construction/Rehabilitation of Kenwa Khola Fituwa Malibheg Irrigation Sub Project | Dharmadevi-09, Sankhuwasabha | 0.36 million | 180 days | 5,000.0 | 23.76 million | 14.25 million | 29 Shrawan, 2081 (13 August, 2024), 12:00 hrs | 29 Shrawan, 2081 (13 August, 2024), 12:30 hrs | ADB's Single Stage Double envelop |
| 2 | IMEP/ Sankhuwasabha/ B-1a/CW-21 | Construction/Rehabilitation of Pangma Khola Badareni Irrigation Sub Project | Khadbari-7,8, Sankhuwasabha | 0.25 million | 180 days | 5,000.0 | 16.40 million | 9.84 million | 29 Shrawan, 2081 (13 August, 2024), 12:00 hrs | 29 Shrawan, 2081 (13 August, 2024), 12:30 hrs | |

**Note:** Bidders may download the bidding documents for e- submission from the official website of PPMO **www.bolpatra.gov.np/egp**. For, further details, interested bidders are requested to contact Water Resources and Irrigation Development Division, Sankhuwasabha, Telephone: 029561132, email- **sankhuwasabhaidd@gmail.com**

**Division Chief**



